आज मिति २०८२/०६/०७ गते मंगलवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लोपा ५ युवा)

प्रस्तावहरु :

१. प्रमुख प्रशासकीय अधिकृतज्यूलाई स्वागत तथा हाजिर गराउने सम्बन्धमा।

२ अनुगमन समिति गठन गर्ने सम्बन्धमा।

३. डिपीआर गर्ने सम्बन्धमा।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय चक्रघट्टाको प्रमुख प्रशासकीय अधिकृत पदमा कामकाजमा सरुवा भई आउनु भएका श्री रामबाबु प्रसाद कुशवाहाज्यूलाई स्वागत गर्ने तथा हाजिर गराउने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकाको कार्यालयबाट स्वीकृत संघीय, प्रदेश तथा स्थानीय तहबाट संचालन हुने योजनाहरुलाई अनुगमन गर्न गाउँपालिकास्तरीय तपसिल अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :

| | |
|---|---|
| संयोजक | गाउँपालिका उपाध्यक्ष |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | कार्यपालिका सदस्य श्री फेकु साह कानु |
| सदस्य | कार्यपालिका सदस्य श्री श्याम कुमारी राम |
| सदस्य | कार्यपालिका सदस्य श्री ईन्द्रकला देवी |
| सदस्य | प्राविधिक शाखा प्रमुख |
| सदस्य | योजना शाखा प्रमुख |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका बासिन्दाको मुख्य आयस्रोत कृषि क्षेत्रमा निर्भर रहेको,कृषिको लागि सिचाई अनिवार्य शर्त रहेको पालिकाभित्र रहेको डिप बोरिङ, स्यालो ट्यूववेलको प्रभावकारी संचालन गर्न बिद्युतको आपूर्ति आवश्यक रहेकोले त्यो कार्यको लागि चालु आ.व.मा बजेट विनियोजन गरिएको छ। उक्त बिनियोजित बजेटले सम्पूर्ण पालिकाको वडालाई समेट्न सक्छ कि सक्दैन यदि थप बजेट आवश्यक भए बहुवर्षिय ठेक्का गर्नुपर्न सक्ने आउने भएकोले यी सबै कार्य DPR गर्दा निक्यौल हुने भएकोले कृषि बिद्यतिकरण कार्यको लागि DPR गर्ने निर्णय गरियो।